नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सङ्घीय मामिला शाखा
सिंहदरवार, काठमाडौं

पत्र संख्याः सं.मा.शा. २०७२/०७३
चलानी नं. 23

फोन नं. ४२११८९५
मितिः २०७२।०८।११

विषयः- **"जनताको संविधान जनताकै माझमा" विषयक राष्ट्रव्यापी प्रचार अभियान सञ्चालन गर्ने सम्बन्धमा।**

**श्री जिल्ला विकास समितिको कार्यालय, सबै।**
**श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका सबै।**
**श्री गाउँ विकास समितिको कार्यालय सबै।**

२०७२ साल मंसिर २१ गते देखि पौष २० गतेसम्म एक महिना सञ्चालन गर्न लागिएको नेपालको संविधानका मुख्य मुख्य विशेषताहरु राष्ट्रव्यापी रुपमा कार्यक्रमहरु सहित प्रचार प्रसार गर्ने सम्बन्धी नेपाल सरकार (म.प.) बाट स्वीकृत अवधारणा पत्र यसै साथ संलग्न छ। उक्त अवधारणापत्र अनुसार समेत देहाय बमोजिम कार्यक्रमहरु गर्न सहजिकरण गर्नु हुन अनुरोध छः–

१. **स्थानीय विकास अधिकारीहरुले गर्नुपर्ने कार्यहरु**

- जिल्ला सदरमुकाममा केन्द्रीय मुख्य अतिथिको उपस्थितिमा सभा/अन्तरक्रिया/अन्तरसंवाद/समारोहको लागि उपयुक्त दिन तय गरी मन्त्रालयलाई जानकारी गराउने र अन्य सहभागीहरुलाई उपस्थित हुन आमन्त्रण गर्ने,
- मन्त्रालयबाट तयार गरिएको संविधानका विशेषताहरु भएको प्रचार सामाग्रीहरु छपाई गरी वितरणको व्यबस्था मिलाउने,
- जिल्लास्थित राजनीतिक दलहरुसँग बैठक, समन्वय र सहकार्य गर्ने,
- जिल्लाको कार्यक्रम सम्पन्न भएपछि न.पा. र गा.वि.स.मा स्थानीय महानुभावहरुको सहभागितामा सभा/अन्तरक्रिया गर्न न.पा. र गा.वि.स.लाई समन्वय/सहयोग गर्ने,
- सभा/अन्तरक्रिया/समारोहलाई भब्यताका साथ सम्पन्न गर्न स्थानीय प्रशासन र अन्य संघ संस्थाहरुको सहयोग लिई कार्य गर्ने,
- स्थानीय सञ्चार माध्यमबाट स्थानीय भाषामा सन्देशहरुको प्रचार प्रसार गराउने,
- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र स्थानीय नागरिक समाजलाई अभिमुखीकरण तथा परिचालन गरी सम्पूर्ण नागरिकहरुलाई जानकारी प्राप्त हुने व्यबस्था गर्ने।

२. **कार्यकारी अधिकृत तथा गा.वि.स.सचिवहरुले गर्नुपर्ने कार्यहरु**

- जिल्लामा हुने कार्यक्रमहरुमा सक्रियरुपले सहभागिता जनाउने,
- स्था.वि.अ.सँग समन्वय गरि नगर/गा.वि.स.मा गरिने कार्यक्रमहरु तय गर्ने,
- स्थानीय राजनीतिक दलहरुसँग बैठक, समन्वय र सहकार्य गर्ने,
- मुख्य अतिथि लगायत अन्य सहभागीहरुलाई आमन्त्रण गर्ने,
- स्था.वि.अ.सँग समन्वय गरि संविधानसँग सम्बन्धित प्रचार सामाग्री उत्पादन/वितरण गर्ने व्यबस्था मिलाउने,
- नगर/गा.वि.स.मा सभा/अन्तरक्रिया/अन्तरसंवाद/समारोहलाई भव्यताका साथ सम्पन्न गर्ने,
- स्थानीय सञ्चार माध्यमबाट स्थानीय भाषामा सन्देशहरुको प्रचार प्रसार गराउने,
- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र स्थानीय नागरिक समाजलाई परिचालन गरी सम्पूर्ण नागरिकहरुलाई जानकारी प्राप्त हुने व्यबस्था गर्ने।

**(पुरुषोत्तम नेपाल)**
उप-सचिव

**बोधार्थः**
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- उल्लेखित पत्र मन्त्रालयको Website मा Upload गरि दिनुहुन।

नेपाल सरकार मं.प.बाट स्वीकृत मिति २०७२।८।८

# जनताको संविधान : जनताकै माझमा

# राष्ट्रव्यापी प्रचार अभियान

१. **पृष्ठभूमी :**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई जगेर्ना गर्न केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थालाई संघात्मक ढाँचामा पूनरसंरचना गरी मुलुकको विविधतामा एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई सरंक्षण एवं प्रवर्द्धन गरी विभिन्न विभेदलाई अन्त्य गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नेपाली जनताको चाहाना बमोजिम संविधान सभा मार्फत नेपालको संविधान २०७२ साल आश्विन ३ गते जारी भई कार्यान्वयनमा आएको छ ।

यो संविधानले हिमाल, पहाड, तराई, मधेशमा बस्ने विविध भाषाभाषी, साँस्कृतिक, धार्मीक विविधतायुक्त वर्ग, समुदायलाई प्रत्याभूत गरेका अधिकार र कर्तव्य, हक, हित र उत्तरदायित्व लगायत प्रावधान गरेका मूलभूत बिषयवस्तुहरुलाई मूलुकका विभिन्न भागमा रहेका सर्वसाधारण जनता, बुद्धिजीवी, राजनैतिक दलका सदस्यहरु, संघसंस्थाका प्रतिनिधि, नागरिक समाज, उद्यमी व्यवसायी र आमसञ्चार जगतसंग सम्बद्ध व्यक्तिहरुलाई सरकारका तर्फबाट सूसुचित गराउनु उपयुक्त देखिएकोछ ।

यसको लागि "जनताको सविधान : जनताकै माझमा" भन्ने नाराको साथमा संविधानले प्रावधान गरेका मूलभूत बिषयहरुलाई सभा, छलफल, सम्वाद, अन्तरक्रिया, छापा तथा श्रव्यदृष्य र सार्वजनिक सञ्चारका माध्यमबाट सबै जिल्ला सदरमुकामहरु, नगरपालिकाहरु र गाउँ विकास समितिका केन्द्रहरुमा राष्ट्रव्यापी प्रचार अभियान आयोजना गर्न यो अवधारणा पत्र तयार गरिएको छ ।

२. **अभियानको नाम** : यो अभियानको नाम **"जनताको संविधान : जनता कै माझमा – राष्ट्रव्यापी प्रचार अभियान"** रहनेछ ।

३. **अभियानको उद्देश्य** : यो अभियानको उद्देश्य नेपालको संविधानले नेपाली जनतालाई प्रत्याभूत गरेका हक, अधिकार, कर्तव्य लगायत संविधानका मूलभूत प्रावधान र विशेषताहरुका बारेमा नेपाली नागरिक एवं सबैलाई जानकारी गराउनु हुनेछ ।

४. **अभियानको रणनीति** : यो अभियान सञ्चालनका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छन् :

४.१ यो अभियानमा नेपाल सरकार, राजनैतिक दल, नागरिक समाज र अन्य सरोकारवालाहरु परिचालन हुनेछन् । सरकारी संयन्त्रको प्रयोग गर्दा अन्तर निकाय जिम्मेवारी बाँडफाँड गरिने छ ।

४.२ भौगोलिक विविधता र मौसम अनुकूल हुनेगरी यो अभियान साताव्यापी रुपमा मूलुकभर सञ्चालन गरिने छ । सबै जिल्ला सदरमुकाममा एक एक वटा मुख्य अभियान तथा सबै नगरपालिका र गाउँ विकास समितिहरुमा अभियान सञ्चालन गरिने छ ।

४.३ संविधानका मुख्य मुख्य प्रावधानहरुलाई नेपाली भाषा र हाललाई अन्य ४ वटा भाषाहरु (मैथली, भोजपुरी, थारु र अवधि) मा अनुवाद गरी सरल एवं बुझिने गरी वितरण र प्रशारण गरिने छ ।

५. **क्रियाकलाप** : यो अभियान सञ्चालन गर्न देहायका क्रियाकलापहरु निर्धारण गरिएका छन् :–

५.१. संविधानका मुख्य मुख्य प्रावधानहरुको छनौट, अनुवाद, छपाई र वितरण सम्बन्धी :
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रकाशित "संविधानका मूलभूत प्रावधानः संक्षिप्त चिनारी" लगायत अन्य प्रचार प्रशार गरिने बिषयवस्तुलाई नेपाली भाषा र हाललाई अन्य ४ वटा भाषाहरु (मैथली, भोजपुरी थारु र अवधि) मा अनुवाद गरी प्रचार सामाग्रीको रुपमा प्रकाशित गर्ने व्यवस्था मिलाईने छ ।



उप-सचिव